जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः ११, अंकः २५८ पृष्ठः ४ | २०८१ माघ २८ गते सोमबार (Monday 10 Feb. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## चिसो बढेपछि घाम ताप्दै चौरमा पढाइ



**मनिषा मण्डल**

सिरहा, २७ माघ। चिसो बढेपछि सिरहा जिल्ला सुखीपुर नगरपालिका वडा नम्बर २ स्थित रहेको श्री रामजानकी माध्यमिक विधालय( प्राविधिक) मा विद्यार्थीहरू घाम ताप्दै चौरमा बसेर पढ्न थालेका छन्। कोठामा अत्यधिक चिसो लागन थालेपछि पढाइ प्रभावकारी हुन नथालेपछि विद्यालयको खुला चौरमा घाम तापेर विद्यार्थीहरू अध्ययन गर्न थालेका हुन्। चिसो यामको जाडोका कारण कक्षा कोठाभित्र चिसो हुने भएपछि विद्यार्थीहरू बाहिर चौरमा बसेर घाम ताप्दै पढ्न बाध्य भएका हुन्। शिक्षकहरू पनि चिसो कारण कक्षा कोठाभित्र पठनपाठन सञ्चालन गर्न निकै कठिन हुने गरेको बताउँछन्। घाम लागेको समयमा विद्यालयको खुला चौरमा पढाइ सञ्चालन गर्दा आनन्दसँग विद्यार्थीले पढ्न पाउने र शिक्षकलाई पढाउन पनि सहज हुने गरेको शिक्षकको भनाइ छ। कक्षा कोठाभित्र चिसोले पढ्न गाह्रो हुने भएकाले र बाहिर चौरमा बसेर घाम ताप्दै पढ्न थालेको श्री राम जानकी माध्यमिक विद्यालय (प्राविधिक ) छजनाका कक्षा ९ मा अध्ययनरत छात्रा मिनाक्षी दासले बताईन्।

चौरमा बसेर घाम ताप्दै पढ्न पाउँदा चिसोको कुनै वास्ता नहुने गरेको उहाँले बताईन्। चिसोका कारण विद्यार्थीको ध्यान पढाइतर्फभन्दा पनि जाडोमा कसरी बच्ने वा जोगिने भन्नेतर्फ गएको पाइएपछि घाम ताप्दै पढ्न र पढाउन बाध्य हुनुपरेको विद्यालयका प्रधानाध्यापक राम प्रताप यादवले बताए। चिसोले गर्दा कक्षा कोठाभित्र बालबालिका राखेर पठनपाठन गर्न निकै सकस हुने भएपछि बेलाबखत बाहिर चौरमा विद्यार्थी राखेर पढाउने गरिएको विधालयका शिक्षक कासिन्दर दास बताए। यता जिल्लाका अधिकांश विद्यालय चिसो कारण चौरमै पढाई हुने गरेको छ । चिसोकै कारण कतिपय बालबालिका विद्यालय नै आउन छाडेका पनि विद्यालय स्रोतले जनाएका छन्।

## जनकपुरका थप तीनवटा अवैध अस्पताल बन्द

जनकपुर, २७ माघ। जनकपुरधामका थप तीनवटा अस्पताल बन्द भएका छन्। जनकपुरधामको अरमान हस्पिटल प्रा.लि., जनकपुर सीता हस्पिटल प्रा.लि. र बीएन हस्पिटल एन्ड रिसर्च सेन्टर प्रालि आइतबार बन्द भएको हो। बिनादर्ता संचालितमध्ये यी तीनवटा अस्पतालका सञ्चालकले आफैं ताला लगाएर साँचो मधेश सरकारलाई बुझाएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अधिकृत एवं अनुगमन समितिका सदस्य सन्तोष ठाकुरले जानकारी दिए। उपचारमा चरम लापरबाही गरेको घटना बाहिरिएपछि मुख्यमन्त्री सतिशकुमार सिंहको अनुगमन तथा निर्देशनमा जनकपुरधामको पिडारीचोकस्थित रहेको मुस्कान अस्पताल शनिबार नै बन्द भइसकेको छ।

दर्ताबिना जनकपुरमा अधिकांश अस्पताल चलिरहेको छ। उपचारमा चरमलापरवाहीलेले पटक पटक बिरामीको जीवनसँग खेलबाड भइरहेको अनलाइनखबरले सार्वजनिक गरेको समाचार पछ्याउँदै मुख्यमन्त्रीले शनिबार एकैपटक २० वटा निजी अस्पतालमा छड्के अनुगमन गरेका थिए। त्यस क्रममा अधिकांश अस्पताल बिना दर्ता र मापदण्डविपरीत पाइएको थियो। बिना दर्ता चलिरहेको अस्पतालबाट विरामीलाई अन्यत्र अस्पतालमा व्यवस्थापन गरी सञ्चालक आफैं ताल्चा लगाएर आइतबार ११ बजेसम्म साँचो बुझाउन निर्देशन दिँदै नभए सरकारी टोली परिचालन गरी बन्द गर्ने चेतावनी समेत मुख्यमन्त्री सिंहले दिएका थिए। उनको निर्देशन पालना गर्दै तीनवटा बिनादर्ता संचालित अस्पतालले ताल्चा लगाएर साँचो सरकारलाई बुझाएका हुन्। अब अन्य अस्पताललाई के गर्ने भन्नेबारे छलफल भइरहेको अनुगमन समिति सदस्य ठाकुरले बताए।

## स्थानीय आन्दोलित



**विनय आजाद**

सिरहा, २७ माघ। तीव्र गतिमा आइरहेको टिपरको हावाको झोँकाले उछिट्टिएका साइकलमा सवार एक बालक दुई महिनादेखि अस्पतालमा छन्। गत पुष १० गते स्थानीय बालक लोकेश श्रेष्ठ साइकलमा घर गइरहेका बेला सिमेन्ट उद्योगका लागि चुनढुंगा बोकेर तीव्र गतिमा आइरहेको टिपरको हावाको झोँकाले उछिट्टिएका थिए। राजमार्गमै लडेका लोकेशको मष्तिस्कमा गम्भीर चोट लागेको थियो। अहिले उनको विराटनगरस्थित न्यूरो अस्पतालमा उपचार भइरहेको छ।

-बाँकी दुई पेजमा

## कञ्चनपुर–कमला सडक : चार वर्षमा निर्माण प्रगति ५३ प्रतिशत



सिरहा, २७ माघ। सरकारको रूपान्तरकारी गौरवको आयोजनाअन्तर्गत कञ्चनपुर–कमला सडकखण्ड विस्तार तथा स्तरोन्नतिको काम चार वर्षमा ५३ दशमलव चार प्रतिशत निर्माण प्रगति सम्पन्न भएको छ। सप्तरीको कञ्चनपुरबाट सिरहाको कमलासम्म ८६ दशमलव ८३ किलोमिटर पूर्वपश्चिम लोकमार्गको यस सडक विस्तार तथा स्तरोन्नतिका लागि दुईपटक म्याद थपिसकिएको छ। सडक निर्माणको कार्यको थालनी सन् २०२० अक्टोबर २९ देखि सुरू भई २०२३ अक्टोबर २८ सम्म सक्नुपर्ने भए पनि समयमा काम सम्पन्न नभएपछि पहिलोपटक म्याद थप गरी २०२४ डिसेम्बर २८ सम्म पुर्‍याइएको थियो। तर, यस थपिएको समयमा पनि आधामात्र काम सम्पन्न भयो। त्यसपछि अन्तिम पटकलाई भन्दै अहिले पुनः २०२५ डिसेम्बर ३१ सम्म एक वर्षको म्याद थप गरिएको सडक विभागअन्तर्गत कञ्चनपुर–कमला सडक योजना पश्चिम खण्डका प्राविधिक शाखा इन्जिनियर सरोज कोइरालाले जानकारी दिए।

दुई खण्डमा निर्माण भइरहेको यस आयोजनाको लागत १५ अर्ब ६६ करोड ४४ हजार नौ सय ८३ (भ्याट र पिससमेत) रहेको छ। यो आयोजनामा ८६ दशमलव ८३ किलोमिटर सडक कालोपत्र गर्ने, दुई सय २९ वटा कल्भर्ट र ५४ वटा मुख्य पुल निर्माण गर्नुपर्ने सम्झौता रहेको छ। सहरी क्षेत्रमा छ लेनको सडक विस्तारको काम भइरहेको छभने अन्यत्र चार लेनको सडक निर्माण भइरहेको छ। चिनियाँ निर्माण कम्पनी 'चाइना रेलवे–२ इन्जिनियरिङ ग्रुप' ले ठेक्का पाएको यस आयोजनाअन्तर्गत हालसम्म पश्चिम (सिरहा) खण्ड बलानबाट कमलासम्म ४७ किलोमिटर सडक निर्माणको लागत आठ अर्ब ३८ करोड९९ लाख ६८ हजार सात सय ४८ रहेको छ। पश्चिम खण्ड प्राविधिक शाखाका इन्जिनियर कोइरालाका अनुसार यस खण्डमा

-बाँकी दुई पेजमा




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

### एमपक्स संक्रमणबाट बचौं र बचाऔं

- विदेशबाट आउने जो कोहिमा एमपक्सको सम्भावित जोखिम हुने हुनाले अनिवार्य रुपमा स्वास्थ्य परीक्षण गराऔं,
- ज्वरो आउने, टाउको दुख्ने, शरिर सुन्निने, ढाड दुख्ने मांसपेशी दुख्ने एमपक्स रोगका प्रमुख लक्षण हुन्,
- त्यस्ता लक्षण देखा परे स्वास्थ्य परीक्षण गराऔं,
- एमपक्स अत्यन्तै सङ्क्रामक रोग भएकाले सङ्क्रमण हुनासाथ आइसोलेसनमा बसौं,
- घना वस्ती र सहरी क्षेत्रमा यसको सङ्क्रमण छिटो वढ्ने भएकाले सचेतना बढाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## स्वास्थ्य संस्थाहरूको अनुगमनमा गम्भीर हेलचेक्र्याइँ

जनकपुरधाममा सञ्चालित निजी स्वास्थ्य संस्थाहरूलाई प्रतिनिधि उदाहरण मान्ने हो भने देशमा स्वास्थ्य प्रशासनमा भयावह अराजकता रहेको मान्नुपर्ने हुन्छ। त्यहाँको एउटा अस्पतालमा पित्तथैलीको शल्यक्रिया गरिएपछि बिरामीको होस नआएको घटना सार्वजनिक भएपश्चात गरिएको अनुगमनमा २० वटा स्वास्थ्य संस्थामध्ये १९ वटा अवैधरूपमा चलाइएको भेटिएको छ। मधेस प्रदेशको राजधानी रहेको जनकपुरधाममा निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य संस्थामध्ये कतिपयको नवीकरण नभएको र केहीको दर्ता नै नभएको भेटिनु पक्कै पनि सामान्य अवस्था होइन। यसले देशमा कुन हदसम्म अराजकता फैलिएको छ भन्ने पनि संकेत गरेको छ।

जनकपुरधामको जस्तै कहालीलाग्दो अवस्था देशभर छ भन्नु अतिशयोक्ति होला तर यो एक्लो घटना भने पक्कै होइन। सम्भवतः राज्यसँग देशमा कतिवटा अस्पताल छन् र तिनीहरूमध्ये कति वैध तथा कति अवैधरूपमा सञ्चालित छन् भन्ने यथार्थ जानकारी नै छैन। यस्तै कागजमा वैध देखिएकामध्ये पनि कतिले तोकिएको मापदण्ड पूरा गरेका छन् भन्ने विवरण पनि सम्भवतः नहोला। यस्तो अराजकता उत्पन्न हुनुमा मुख्य दोष राज्यका सम्बन्धित निकायका कार्यरत सरकारी अधिकारीहरूकै हो। अस्पतालहरूका हकमा नेपाल सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय यस अराजकताको जिम्मेवार देखिन्छ। नेपालको संविधान,२०७२ को अनुसूची – ५ को १६ मा 'स्वास्थ्य नीति, स्वास्थ्य सेवा, स्वास्थ्य मापदण्ड, गुणस्तर र अनुगमन, राष्ट्रिय वा विशिष्ट सेवा प्रदायक अस्पताल, परम्परागत उपचार सेवा, सरुवा रोग नियन्त्रण' संघको एकल अधिकारमा जो राखिएको छ।

अहिलेको सरकारमा केही काम भएको देखिने मन्त्रालयहरूमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मुख्य हो। बिरामीको हितमा स्वास्थ्य सेवामा केही उदाहरणीय काम भएका छन्। यसका लागि स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेल र उनका सहयोगीको प्रयास सराहनीय छ। तर, जनकपुरधामको जस्तो अराजकताको जिम्मेवार पनि स्वास्थ्य मन्त्रालयका सम्बन्धित अधिकारीहरू नै हुन्। दर्ता वा नवीकरण नहुँदैमा सबै स्वास्थ्य संस्थाले मापदण्ड उल्लंघन नै गरेका छन् भन्नु न्यायोचित हुँदैन। तर, मापदण्डलगायत अस्पतालहरूको अनुगमनमा स्वास्थ्य मन्त्रालय गम्भीररूपमा चुकेको भने पक्कै हो। यस्तो लापरवाही भयावह दुर्घटनाको कारक पनि बन्न सक्ने हुनाले अनुगमन र नियमनमा चुक्ने नियामक निकायका अधिकारीहरू दण्डभागी बन्नुपर्छ।

जनस्वास्थ्यका विषयमा अनुगमन तथा नियमनमा ढिलासुस्ती र लापरबाही क्षम्य हुनसक्तैन। कतिपय अस्पतालहरूलाई नियमनका नाममा रकमी प्रशासनिक झमेलामा अलमल्याउने गरिएको गुनासो पनि सुनिएको छ। यसैले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सम्बन्धित विभागमा रहेको त्रुटिबाट गम्भीर क्षति नहुँदै सच्याउनु उचित र आवश्यक देखिन्छ। जनकपुरको घटनाबाट सजग भएर तत्काल देशभरका अस्पतालहरू प्रारम्भिक अनुगमन गराउन र त्रुटि देखिएका स्वास्थ्य संस्थाका हकमा मापदण्ड पालना भएको सुनिश्चित गर्न सम्भवतः मन्त्रीस्तरीय अग्रसरता नै आवश्यक छ। यही क्रममा विभिन्न अपत्यारिला दाबी गरी जनसाधारणलाई भ्रममा पारेर ठग्ने 'क्वाक'हरूलाई नियन्त्रण गर्न पनि यही अवसरमा अभियानै चलाइनु जरुरी देखिन्छ। मन्त्रालयसँग जनशक्ति नभए विज्ञहरूको टोली गठन गरी सबै प्रदेशमा परिचालन गरे पनि हुन्छ। त्यति गर्न पनि नसके सम्बन्धित जिल्ला प्रशासनलाई अधिकार प्रत्यायोजन गर्न सकिन्छ। तर, जनकपुरले देखाएको भयावह परिदृश्यको उपेक्षा गर्नु भने गम्भीर भुल हुनेछ।

# सन्तानलाई कोरा शिक्षा कि संस्कार

**कोरा किताबमा मात्र हैन, सामाजिक रीतिरिवाज र धार्मिक क्रियाकलापमा बालबालिकालाई जोड्नुपर्छ पाठ्यपुस्तक र शिक्षकले मात्र हैन, परिवार र समाजले पनि बालबालिकालाई संस्कार र संस्कृतिका कुराहरू सिकाउनुपर्छ।**

**श्री प्रसाद देवकोटा**

छोरो भक्तपुरको एक निजी विद्यालयमा कक्षा–१ मा पढ्दैछ। उसको दोस्रो त्रैमासिक परीक्षाको नतिजा लिन गत शनिवार विद्यालय पुगें। विद्यालयले नतिजा प्रकाशनको अवसर पारेर कक्षा शिक्षकसँग अभिभावकहरूको छोटो अन्तरक्रिया राखेको रहेछ। कक्षा शिक्षकले बाबुको नतिजा दिंदै एकैछिन उसको शैक्षिक स्थितिको बारेमा गफ गरौं भन्नुभयो र गफिन थाल्यौं।

**शिक्षकः सर बाबुको यो नतिजाबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ?**

**मः मैले हाँसेर जवाफ दिएँ, म सन्तुष्ट छु मेडम। तर किन सोध्नुभयो?**

शिक्षकः सबै अभिभावकहरू नतिजा लिन आउनुहुन्छ। आफ्ना बाबुनानीले राम्रो नतिजा प्राप्त गरे खुशी देखिनुहुन्छ, केही बिग्रिएको नतिजा देखे हाम्रो (शिक्षक र विद्यालय) कमि–कमजोरी औंल्याउन थाल्नुहुन्छ। बाबुनानीले विद्यालयमा देखाउने आनीबानी, संस्कार–संस्कृति, शैक्षिक र अतिरिक्त क्रियाकलापहरूको बारेमा केही सोध्नुहुन्न। मात्र नतिजामा आधारित भएर तर्कहरू गर्नुहुन्छ। हाम्रो कुरा सुन्न भन्दा पनि आफ्नो कुरा मात्र सुनाउनुहुन्छ। आजकल बाबा–ममीलाई समय नभएर हो कि? बाबुनानी विद्यालयमा जम्मा ६ घन्टा हो बस्ने, अरू समय त घरमा नै हो। हामी, एउटै शिक्षक कक्षा शिक्षकको रूपमा सबै विषयहरू पढाउँछौं। एउटै कक्षामा २५ जना विद्यार्थी छन्। सबै विद्यार्थीको क्रियाकलापमा ध्यान दिन पनि सम्भव नै हुँदैन।

अर्कोतर्फ विद्यालय प्रशासनले पनि हामी शिक्षकहरूलाई जसरी हुन्छ नतिजा राम्रो बनाउन जोड दिन्छ। न त हामीलाई बाबुनानीको परिवारको सामाजिक–आर्थिक अवस्थाको ज्ञान हुन्छ न त उनीहरूको चाहना र क्षमता। यसैले उनीहरूको चाहना र क्षमता भन्दा पनि हाम्रो अनुकूलतामा शिक्षण गर्छौं सर। सुगारटाइ शिक्षणशैली हाम्रो बाध्यता हो।

परिवार सन्तानबाट राम्रो नतिजा खोज्छ, विद्यालय विद्यार्थी टिकाउन राम्रो नतिजा दिन खोज्छ। यसर्थ हामी पनि यसैमा केन्द्रित हुन्छौं। हामीले जसरी हुन्छ बाबुनानीको नतिजालाई राम्रो बनाउनुपर्छ। यसैले हाम्रा बाबुनानीमा व्यावहारिक सामाजिक ज्ञानको कमि छ सर। यसका पछाडि शिक्षक भन्दा पनि परिवार र समाज जिम्मेवार छ। नतिजाको पछाडि कुद्ने परिवार र समाज शैक्षिक प्रक्रियाको हिस्सेदार किन बन्न चाहँदैन? बच्चाको शिक्षामा परिवार र समाज उत्तरदायी बन्नुपर्दैन? पैसा तिरेपछि राम्रो नतिजा आउनुपर्छ भन्ने मान्यता कहिले अन्त्य होला?

फेरि, जे–जति विद्यालय, अभिभावक, परिवार र समाजले लिनुपर्ने, अपजस सबै हामी शिक्षहरूले



मात्र? शिक्षण पेशामा लागेको १५ वर्ष भयो सर। कहिलेकाहीं यो पेशा छाडेर बरु गल्लीमा तरकारी नै बेचेर जीवन निर्वाह गरौं जस्तो लाग्छ। फेरि कलिला मुनाहरूको माया र यादले यही पेशामा छु।

तर तपाईंले बाबुको नतिजा लिएपछि मुस्कुराउनु मात्र भयो, केही बोल्नुभएन यसकारण सोधेकी। अन्यथा नलिनुहोला।

कक्षा शिक्षकको कुराले मेरो मनमा अनेकौं प्रश्न उब्जिन थाले। जब बच्चा तोते बोल्न र हिंड्न थाल्छ, अभिभावकहरू पूर्व प्राथमिक विद्यालय खोज्छन्। सम्भव भएसम्म आफ्नो आर्थिक सामर्थ्य अनुसारको निजी विद्यालयमा पुग्छन्। बिहानदेखि बेलुकासम्म विद्यार्थी राखिदिने विद्यालय रोज्छन्। अभिभावकको आँखा बाहिरी आकर्षण (भौतिक संरचना) भव्य भएको विद्यालयमा पुग्छ। विद्यालयको अध्ययन–अध्यापनको वातावरण भन्दा पनि विद्यालयले लिने शुल्कका आधारमा गुणस्तर छुट्याउँछौं। आफूले धेरै श्रम र थोरै खाएर भए पनि महङ्गो विद्यालयमा भर्ना गर्ने चाहना परिवारको हुन्छ। बच्चा शारीरिक र मानसिक रूपमा तयार नभए तापनि आफ्नो व्यस्ततालाई सजिलो बनाउन बच्चालाई विद्यालयमा सुम्पिन्छौं। विद्यालयमा परीक्षा हुन्छ, अतिरिक्त क्रियाकलापहरू पनि सञ्चालन भइराखेका हुन्छन्। प्रत्येक अभिभावकहरूले आफ्नो सन्तान पहिलो भएको देख्न र सुन्न चाहन्छ। विद्यालय प्रशासन र शिक्षकले पनि कुनै न कुनै रूपमा कुनै विद्यार्थीप्रति अप्रत्यक्ष सद्भाव राख्छन्। आफ्नो सन्तान, आफ्नो विद्यार्थी जसरी भए पनि प्रथम भएको देख्ने र सुन्ने अपेक्षा सबैमा रहन्छ। यही अपेक्षा अनुसार बच्चालाई मानसिक रूपमा तयार पार्छन्। बच्चा परिवारको चाहना र अपेक्षाको दबाब र विद्यालयको वातावरण अनुसार आफूलाई प्रस्तुत गर्छ। उसमा जसरी हुन्छ परीक्षामा म नै प्रथम हुनुपर्छ, खेलकुदहरूमा मैले नै जित्नुपर्दछ भन्ने भावको विकास हुन्छ। अरू साथीभाइको अवस्था, चाहना र आवश्यकतामा बच्चा अज्ञात हुन्छ। अत्यन्त व्यक्तिकेन्द्रित स्वभाव र चरित्र विकास हुन्छ।

त्यो बच्चा दीक्षित हुँदै युवावस्थामा आइपुग्छ। समाज र मुलुकका लागि योगदान गर्ने उमेरमा हुन्छ। शैक्षिक रूपमा दक्ष हुन्छ तर आफू बाहेक अरु केही सोच्न सक्दैन। जसरी हुन्छ म बन्नुपर्छ, मैले कमाउनुपर्छ, मैले मात्र खानुपर्छ इत्यादि चरित्रहरू हावी हुन्छन्। संस्कार, संस्कृति, सामाजिक चरित्र र मानवता शून्य नै हुन्छ। बहस गरौं, यस्तो जनशक्तिले समाज र मुलुकका लागि कहाँ र कसरी योगदान गर्न सक्छ? संयुक्त परिवारबाट एकात्मक पारिवारिक ढाँचा अहिलेको मुख्य कारक हो, अभिभावकको व्यस्तता हो। हिजो संयुक्त परिवार हुन्थ्यो। एकै घरमा तीन पुस्ताको बसोबास हुन्थ्यो। बाबा–आमा काममा गए पनि हजुरबा–हजुरआमाबाट बच्चाहरूको रेखदेख हुन्थ्यो। हजुरबा हजुरआमाले नातिनातिनीलाई सामाजिक मूल्यमान्यता, धार्मिक रीतिरिवाज, आदार–सम्मान बारेमा सिकाउनुहुन्थ्यो। छरछिमेकमा धार्मिक, जातीय र सांस्कृतिक विविधता थियो। सबै वर्गसँगको अन्तरघुलनले बच्चाहरूमा सामाजिकपन थियो, आदार–सम्मानको संस्कृति थियो। परिवार र समाजबाट बच्चाहरूले यी सबै कुराहरू सिकिराखेका थिए।

आज रोजगारी र शहरीकरणले समाज र परिवार विभाजित छ। हजुरबा–हजुरआमा गाउँ, बाबा विदेश, आमा र छोराछोरी शहर। बालापन शहरको एउटा कोठा र घरमा सीमित छ। घरहरू जोडिएको शहरले बालापनको मनलाई तोडेको छ। एक्लोपन र रुखोपनले बालापन जेलिएको छ। घर र स्कूलको कोठामा बाल्यपन भुलेको छ, बितेको छ। मुश्किलले दशैं र तिहारमा गाउँ पुग्छन् बालबच्चाहरू। न त परिवारका अरू सदस्यहरूसँग घुलमिल हुन्छन् न त छिमेकिसँग। मोबाइल, टिभी र ल्यापटपमा झुम्मिन्छन्। गाउँका हुन् या बजारका बच्चाहरू, एक्लै विद्युतीय यन्त्रमा व्यस्त हुन्छन्। शारीरिक तन्दुरुस्तीका लागि गर्नुपर्ने खेलकुद, मनोरञ्जन समेत यन्त्रमा हुन थालेको छ। परिवारमा कोही पाहुना आओस्, जाओस् उनीहरूमा कुनै चाख र महत्व हुँदैन। उनीहरूको लागि परिवार, साथीभाइ सबै मोबाइल, टिभी र ल्यापटप नै हुन्। आदार, सम्मानको कुरै नगरौं। रीतिरिवाज, चालचलन र संस्कृतिको त कुरै छाडौं।

अभिभावकको व्यस्तता र एक्लोपनले धेरै बालबालिका डिप्रेसनका शिकार बनेका छन्, तर परिवारबाट लुकाइएको छ। यसैले बालापन पिंजडामा छ। परिवारका सदस्यहरू बीचमा नै अविश्वास र डर छ। सानो सानो कुरामा बाबुले छोराको हत्या, छोराले बाबुको हत्या जस्ता घटना बढ्दैछन्। हत्या–हिंसाका डरलाग्दा घटनाहरू घरभित्रै छन्। घरभित्र होस् या बाहिरका घटना, कुनै न कुनै तरिकाले अपराधमा बालबालिका जोडिएकै छन्। पछिल्लो तथ्यांकले हत्या–हिंसा र सामाजिक अपराधमा बालबालिकाको संख्या बढ्दो देखाएको छ। तथ्यांक डरलाग्दो देखिए तापनि सम्बन्धित निकायहरू मौन छन्।

अन्त्यमा जन्म दिंदैमा, पालनपोषण र विद्यालयको शुल्ल तिर्दैमा परिवारको उत्तरदायित्व पूरा हुन्छ? बालबालिकाले संस्कार, संस्कृति कहाँबाट सिक्ने हो? बालबालिकालाई सामाजिक मूल्यमान्यता, आदर, संस्कार, संस्कृति सिकाउने जिम्मेवारी कसको हो? अहिलेका यक्ष पश्नहरू हुन्। बालबालिकाको अपराधको जग परिवार र समाज नै हो। परिवारमा बालबालिकाहरू कस्तो संस्कारमा हुर्किए भन्रुने विषयले पनि उनीहरू भविष्य र चरित्रको कुरा निर्धारण गर्छ। कोरा शिक्षा भन्दा संस्कार ठूलो हतियार हो। शिक्षा भन्दा संस्कार महत्वपूर्ण हो भन्ने कुरा पछिल्ला बालअपराधका घटनाहरूले पुष्टि गरेको छन्। केही वर्षयता अपराधमा बालबालिकाको संलग्रुनता बढ्दै जानुको मुख्य कारण बालापनको पारिवारिक र सामाजिक संस्कार नै हो। यसैले घरमा रहेको बालक के गरिरहेको छ, विद्यालय पठाइएको आफ्नो बच्चा विद्यालय पुगेको छ कि छैन, पढाइ कस्तो गरिरहेको छ, विद्यालयबाट विदापछि सीधै घर फर्किन्छ कि फर्किंदैन, कस्तो संगत छ भन्ने सबालमा अभिभावकले चासो देखाउन अत्यावश्यक छ। आफ्नो व्यस्ततालाई घटाएर सन्तानका लागि समय छुट्याउनुपर्छ। कोरा किताबमा मात्र हैन, सामाजिक रीतिरिवाज र धार्मिक क्रियाकलापमा बालबालिकालाई जोड्नुपर्छ। पाठ्यपुस्तक र शिक्षकले मात्र हैन, परिवार र समाजले पनि बालबालिकालाई संस्कार र संस्कृतिका कुराहरू सिकाउनुपर्छ।

## *कञ्चनपुर–कमला...*

२५ वटा पुल र एक सय १५ वटा कल्भर्ट निर्माण गर्नुपर्नेमा हालसम्म १७ वटा पुलको ढलान सम्पन्न भएको छभने आठवटा पुलको ढलान सम्पन्न हुन बाँकी छ।

"सम्झौता भएको तीन वर्ष र थप १४ महिना गरी चार वर्ष दुई महिनामा ५५ दशमलव ३९ प्रतिशतमात्र भौतिक प्रगति भएको छ", इन्जिनियर कोइरालाले भने, "जसअन्तर्गत सडकको दायाँतर्फ २४ किलोमिटर र बायाँतर्फ २१ किलोमिटर कालोपत्र बिछ्याउने काम सम्पन्न भएको छ। त्यस्तै दुईवटा फ्लाइओभरको काम हुन बाँकी रहेको छभने दुईवटा अण्डर पासको काम सुरू गरिएको छ।" समयसीमामा लक्ष्यअनुसारको भौतिक प्रगति नहुनुमा काम सुरू गरेको सुरूको अवस्थामा कोरोनाले प्रभावित बनाएको र बीचबीचमा निर्माणमा अवरोध तथा विद्युत्का पोलको स्थानान्तरण नगरिनु रहेका उनले बताए।

त्यसैगरी एउटै निर्माण कम्पनी र समयसीमा रहेको पूर्वी खण्ड ( सप्तरी) कञ्चनपुरबाट कुशहवासम्मको ३९ किलोमिटर पूर्वी खण्डका लागि सात अर्ब २७ करोडमा ठेक्का लागेको यस खण्डमा पश्चिम खण्ड (सिरहा)को जति पनि भौतिक प्रगति नभएको यस खण्डका प्राविधिक शाखाका इन्जिनियर राजीव झाले जानकारी दिए। उनका अनुसार यस खण्डको भौतिक प्रगति ५१ दशमलव ४२ प्रतिशतमात्र भएको छ।

सडक पूर्वाधार आयोजनाको अवस्था सुस्त हुँदा कञ्चनपुर–कमलावासीले वर्षामा हिलो र हिउँदमा धुलोको सास्ती भोग्दै आएका छन्। थपिएको एक वर्षको अवधिमा पनि निर्माण सम्पन्न हुन्छ भन्नेमा आश्वस्त छैनन् नागरिकहरू। निर्धारित समयमा पूर्वाधार निर्माण हुन नसक्दा देशको अर्थतन्त्रमा समेत गम्भीर असर पर्ने गरेको विज्ञहरू बताउँछन्।

## *स्थानीय ...*

यता स्थानीयले आन्दोलन थालेका छन्। मिर्चैया नगरपालिका–७, छघरेस्थित मिर्चैया–कटारी राजमार्ग आइतबार बिहानैदेखि उनीहरूले सडक अवरुद्ध पारेका हुन्। लोकेशको उपचारमा अहिलेसम्म पाँच लाख बढी खर्च भइसकेको छ। अस्पतालले अझ थप त्यति नै रकम मागेको उपचाररत लोकेशका बुबा रनबहादुर श्रेष्ठले बताए।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# धनुषाधाम विद्युत् चोरीमुक्त नगरपालिका घोषणा



जनकपुर, २७ माघ। धनुषा जिल्लाको धनुषाधाम विद्युत् चोरीमुक्त नगरपालिका घोषणा भएको छ। धनुषाधाम नगरपालिकाको आयोजना र नेपाल विद्युत् प्राधिकरणको संयोजकत्वमा नगरपालिका विद्युत् चोरीमुक्त क्षेत्र घोषणा गरिएको छ। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ र नगरपालिकाका मेयर बालेश्वर मण्डलले शनिवार धनुषाधाममा आयोजित कार्यक्रममा नगरपालिकालाई विद्युत् चोरीमुक्त क्षेत्र घोषणा गर्नुभएको हो। कार्यक्रममा धनुषाधाम नगरपालिका क्षेत्रमा बसोवास गर्ने पिछडिएका तथा आर्थिक रूपमा विपन्न घरपरिवारलाई निःशुल्क विद्युत् मिटर वितरणसमेत गरिएको छ।

ऊर्जामापक यन्त्र (मिटर) मार्फत बाहेक विद्युत्को अन्य लाइनबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा विद्युत्को लाइन तानेमा वा जडान गर्ने (हुकिङ), मिटरलाई छली विद्युत् प्रयोग गर्ने, मिटर तोडी, नासी, बिगारी वा अन्य कुनै किसिमले क्षति पुऱ्याउने वा सामान्य परिचालन हुन नसक्ने गरी असक्षम बनाउले लगायतका कार्य गरेमा विद्युत् चोरीको कसूर गरेको मानिने कानूनी व्यवस्था छ। चोरीमार्फत अनधिकृत र असुरक्षित रूपमा विद्युत्को प्रयोग गर्दा हरेक वर्ष धनजनको क्षति हुने गरेको छ। प्राधिकरणले विद्युतको पहुँच विस्तार र अनधिकृत रूपमा हुने विद्युत् प्रयोगलाई रोक्न मिटर नै किन्न नसक्ने पिछडिएका तथा आर्थिक रूपमा विपन्न घरपरिवारलाई निःशुल्क विद्युत् मिटर वितरण गर्दै आएको छ। देशभर रहेका आफ्ना वितरण केन्द्रहरूमार्फत प्राधिकरणले विपन्न वर्गलाई निःशुल्क मिटर उपलब्ध गराएर विद्युत् जडान गर्दै आएको छ। विपन्न वर्गले प्राधिकरणको मापदण्ड अनुसारको ५–३० एम्पिएर क्षमताको बक्ससहितको सिङ्गल फेज इनर्जी मिटर, एमसीबी बक्स निःशुल्क पाउने छन्। प्राधिकरणले मिटर जडानका लागि सेवा शुल्क लिँदैन।

धनुषाधामले आफ्नै प्रयास र पहलमा विद्युत् चोरीमुक्त नगरपालिका घोषणा गरी ठूलो चुनौती लिएको उल्लेख गर्दै कार्यक्रममा कार्यकारी निर्देशक घिसिङले विद्युत् चोरी सामाजिक अपराध भएकाले यसको नियन्त्रणका लागि प्राधिकरणले गर्नुपर्ने प्राविधिक कामहरूलाई उच्च प्राथमिकतामा राखी अगाडि बढाइएको बताए। घिसिङले विद्युत् नै नपुगेका ठाउँहरूको खोजी गरी अहिले त्यस्ता ठाउँमा बसोवास गरिरहेका नागरिकलाई विद्युत् पुऱ्याउन पहाडको टुप्पोदेखि मधेशका फाँट, कर्णाली र सुदूरपश्चिमका विकट बस्तीहरूमा विद्युतीकरणको अन्तिम चरणका कामहरू चलिरहेको बताए।

'उज्यालो अभियानअन्तर्गत देशभित्र विद्युत् खपत बढाउन विद्युत् पुगेका ठाउँमा आपूर्तिलाई भरपर्दो र गुणस्तरीय बनाउन र नपुगेका विकट ठाउँमा विद्युत् पुऱ्याउन प्राथमिकताका साथ काम गरिरहेका छौँ, कर्मचारीलाई तलब नखुवाएरै भए पनि घरघरमा विद्युत् पुऱ्याउने छौँ', घिसिङले भन्नुभयो, 'नेपालको खाद्यान्न भण्डारका रूपमा रहेको तराईका खेतखेतमा विद्युत् पुऱ्याएर सिँचाइमार्फत उब्जनी र उत्पादकत्व बढाउनुपर्छ, यसका लागि स्थानीय तहहरूसँगको सहकार्यमा सिँचाइको विद्युतीकरण अगाडि बढाएका छौँ।' उहाँले कृषि र औद्योगिक क्षेत्र विस्तारको प्रचुर सम्भावना रहेको मधेश प्रदेशका जिल्लाहरूमा विद्युत् आपूर्तिलाई पर्याप्त, भरपर्दो र गुणस्तरीय बनाउन प्रसारण तथा वितरणतर्फका पूर्वाधार संरचना विस्तार र सुदृढीकरणका लागि झन्डै ४० अर्ब रुपैयाँ लगानीका विभिन्न आयोजनाहरूको काम भइरहेको उल्लेख गर्नुभयो।

सिँचाइ र गार्हस्थ्यतर्फको विद्युतीकरणमा धेरै काम भएको उल्लेख गर्दै धनुषाधाम नगरपालिकाका मेयर मण्डलले खाना पकाउने ग्याँसलाई विस्थापित गर्न विद्युतीय चुलोमा अनुदानको व्यवस्था गरिनुपर्ने बताउनुभयो। कार्यक्रममा विद्युत् चोरी सामाजिक अपराध भएको सन्देश दिने नाटक पनि प्रस्तुत गरिएको थियो। मधेश प्रदेशमा चालू आर्थिक वर्ष २०८१/८२ को पुससम्ममा वितरणतर्फको विद्युत् चुहावट १४.२० प्रतिशत छ। चालू आवमा मधेश प्रदेशको विद्युत् चुहावट ११.९ प्रतिशतमा झार्ने लक्ष्य तय गरिएको छ। प्राधिकरणले गैरप्राविधिक चुहावट नियन्त्रणका लागि चोरी नियन्त्रण, महसूल बक्यौता असूलीमा कडाइ, मिटर बाइपास तथा हुकिङ गरी चोरी गर्नेलाई कडा कारबाही गर्ने, बन्द मिटर फेर्ने, मिटर लिन प्रोत्साहित गर्ने, मिटर रिडिङ नभएको (स्टक युनिट) ग्राहकको पहिचान गरी रिडिङ गर्ने काम अभियानकै रूपमा चलाइरहेको छ।

प्राधिकरणले आफ्ना हरेक वितरण केन्द्रहरूलाई प्रत्येक वर्ष चुहावट नियन्त्रणको लक्ष्य दिई त्यहीअनुसार क्रियाकलापहरू सञ्चालन गरिरहेको छ। प्राधिकरणले गएको आवमा प्रणालीको विद्युत् चुहावट झन्डै १२.७३ प्रतिशतमा झारेको थियो। आठ वर्ष अघिसम्म प्रणालीबाट २५.७८ प्रतिशत विद्युत् चुहावट भइरहेको थियो।

# पेस्की रकमको विषयमा धनुषामा प्रधानाध्यापक र शिक्षकबिच घम्साघम्सी

जनकपुर, २७ माघ। पेस्की रकमको विषयमा विवाद हुँदा धनुषाको कमला नगरपालिकामा शिक्षक र प्रधानाध्यापकबिच घम्साघम्सी भएको छ। धनुषाको कमला नगरपालिका वडा नम्बर–२ स्थितको जनहित मावि माठि भिठकैयामा शिक्षकले मागेको पेस्की रकम नदिँदा विवाद भएको हो। जनहित माविका प्रधानाध्यापक जगरनाथ यादव र निमावि राहतका शिक्षक रोहित यादवबिच आइतबार बिहान स्कुलमै घम्साघम्सी भएको हो। शिक्षक यादवले आफ्नो आमा बितेको भन्दै प्रधानाध्यापक जगरनाथ यादवसँग पेस्की रकम माग गरेका थिए। यही पेस्की रकम दिन आलटाल गरेपछि विवाद भएको शिक्षक यादव बताउँछन्।

शिक्षक यादवले भने, 'मेरो आमा बितुभएको छ, सोही कामका लागि क्रिया खर्च मागेको हुँ। तर त्यो पैसा दिन नखोज्दा विवाद भएको हो। कुटाकुट त होइन तर घम्साघम्सी भएको हो।' उनका अनुसार प्रधानाध्यापकले आफ्नो समर्थक शिक्षकलाई चाहेको बेला पेस्की रकम दिने गरेका छन्। उनले भने, 'तर, मैले आमा बित्दा पेस्की रकम मागेको हुँ, त्यसमा पनि उहाँबाट आलटाल भयो, त्यहीँ भएर विवाद सृजना भएको हो।' शिक्षक यादवले क्रिया खर्चका लागि ५० हजार रुपैयाँ पेस्की रकम माग गरेको बताए। यता प्रधानाध्यापक जगरनाथ यादवले पनि पेस्की रकम नदिँदा विवाद भएको स्वीकारेका छन्। उनले भने, 'मसँग शिक्षक रोहितले ५० हजार रुपैयाँ क्रिया खर्चबापत पेस्की मागेका थिए। तर अहिले पैसा छैन, २५ हजार दिन्छु मैले भनेको थिएँ। यही विषयमा उसले मसँग आएर विवाद गरेका हुन्।' शिक्षक यादवले आफूसँग उच्छृङ्खल व्यवहार गर्दै आफ्नो कोठा बन्दसमेत गरेको प्रधानाध्यापक यादवको आरोप छ।

# शिप विकाशका लागि आवश्यक सहयोग गर्ने प्रतिबद्धता

सिरहा, २७ माघ। सिरहाको मिर्चैया नगरपालिकाका प्रमुख श्रवण कुमार यादवले दुर्वेसनपश्चात पुनर्स्थापित युवाहरुको शिप विकाशका लागि आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाएका छन्। गोलबजारस्थित सिरहा पुनस्थापना केन्द्रको आइतबार अनुगमनका क्रममा नगर प्रमुख यादवले पुनर्स्थापित युवाहरुको जीविकोपार्जन तथा समाजमा पुनःस्थापित हुन आवश्यक शिप विकासको लागि सहयोग गर्ने प्रतिबद्धता जनाएका हुन्। सोही क्रममा उनले लागुपदार्थको कुलतमा फसेका बालबालिकाहरूको उद्धार तथा पुनःस्थापित गर्ने समाज सुधारका महत्वपूर्ण कार्य गरेको भन्दै केन्द्रलाई धन्यवाद दिए। उनले यो कुलत फसेका युवाहरुलाई नयाँ जीवन प्रदान गर्ने अति महत्वपूण कार्यमा आफ्नो पनि साथ सहयोग रहने प्रतिबद्धता दोहऱ्याए।

केन्द्रका अध्यक्ष आनन्द रहपालले स्वस्फूर्त रुपमा केन्द्रको अनुगमन र आफूहरुको कामको प्रसंशागर्दै हौसला प्रदान गरेको भन्दै मेयर यादवलाई धन्यवाद ज्ञापन गरे। उनले आफ्नो टीमले दुर्वेसनमा फसेका युवाहरुलाई नयाँ बाटो देखाउने प्रयास गरिरहेको भन्दै यसप्रति समाजले पनि चासो दिनुपर्ने बताए। 'समाजको महत्वपूर्ण हिस्सा युवाहरु धेरै विदेश पलायन भईरहेका छन्, यहाँ रहेका स्कुले अवस्थामै दुर्वेशनमा फासिरहेका छन अध्यक्षले भने, 'ती समाजका महत्वपूर्ण पुस्ता जोगाउनु पर्छ भन्ने भावनासहित आफ्नो टीम सक्रिया रहेको छ। यसमा सबैको साथ सहयोग आवश्यक छ।' उनले मिर्चैया नगरपालिकाका मेयर यादवले स्वफूर्तरुपमा केन्द्रको अनुगमन र सुझाव दिएकोमा खुशि व्यक्त गरे।

# मन्त्रालयको लोभमा अध्यादेशबारे निर्णय लिन्नँ : जसपा नेपालका अध्यक्ष यादव

काठमाडौं, २७ माघ। जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले मन्त्रालयको लोभमा अध्यादेशबारे निर्णय नलिने बताएको छ। संसदीय दलको आजको बैठकपछि सञ्चारकर्मी कुराकानी गर्दै अध्यक्ष यादवले आफूहरूले सरकारमा जानका लागि कुनै बार्गेनिङ नगर्ने बताए। अध्यादेशहरू संसद्को कार्यसूचीमा चढेपछि यसबारेमा पार्टीको धारणा सार्वजनिक गर्ने उनको भनाइ छ। अध्यादेशलाई देखाएर तपाईंहरू सत्ताको बार्गेनिङ गरिएको हो ? भन्ने प्रश्नको जवाफमा अध्यक्ष यादवले यस्ता हल्लाको पछि नलाग्न आग्रह गर्दै अहिले जसपा नेपाल सरकारमा जाने अवस्थामा नरहेको बताए। मन्त्रालयको लोभमा अध्यादेशबारे निर्णय नलिने पनि उनको भनाइ छ।

राष्ट्रियसभामा सत्ताधारी दलहरूको बहुमत नभएकाले अध्यादेशबारे जसपा नेपाल निर्णायक देखिएको छ। सरकारले जसपा नेपाललाई मधेश प्रदेशको मुख्यमन्त्री वा संघीय सरकारको शक्तिशाली मन्त्री दिएर भए पनि आफ्नो पक्षमा ल्याउन खोजेको चर्चा भइरहेको बेलामा अध्यक्ष यादवले यसको खण्डन गर्नुभएको हो। यसअघि अध्यादेश पारित गर्नका दुवै सदनमा प्रस्तुत गर्ने तयारी गरे पनि अन्तिम समयमा स्थगित भएको थियो।






# विभिन्न मुद्दामा फरार रहेका ११ प्रतिवादी पक्राउ

रौतहट, २७ माघ। जिल्ला प्रहरी कार्यालय रौतहटले सञ्चालन गरेको अभियान अन्तर्गत दण्ड सजाय तोकिएर लामो समयदेखि फरार रहेका ११ जना प्रतिवादीलाई पक्राउ गरेका छन्। जिल्ला अदालत रौतहटबाट गाली बेइज्जती मुद्दामा ५ रुपैयाँ जरिबाना तोकिएका शेख टईटसहित विभिन्न मुद्दामा सजाय तोकिएका ११ जना प्रतिवादीलाई जिल्लाको विभिन्न स्थानबाट प्रहरीले पक्राउ गरेको हो। अन्य पक्राउ पर्नेमा किर्ते जालसाजी मुद्दाका कैलाश माझी, धुनिया मुसहरनी, बाबुलाल माझी, जागा माझी, शेख अजीज मियाँ, जमील अख्तर, जमिला शेखिन, शेख बनु र कुटपिट मुद्दाका रामविलास पटेल, रहेको प्रहरीले जनाएको छ। पक्राउ परेका सबैजना लाई फैसला कार्वान्यनको लागि जिल्ला अदालत गौरमा उपस्थित गराइएको जिल्ला प्रहरी कार्यालय रौतहटका सहप्रवक्ता इन्स्पेक्टर उमाशंकर प्रसादले बताएका छन्।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# तरकारीमा आत्मनिर्भर बन्दै दलित महिलाहरु



**मणिलाल विश्वकर्मा**

सिरहा, २७ माघ। सप्तरीको खडक नगरपालिका ७ कल्याणपुरको दलित बस्तीकी बासिन्दा हुन्, आशाकुमारी मण्डल। गाउँब्लकको जग्गामा परिवारका सात जनाको ओत लाग्ने घर रहेकी उनले पछिल्लो समय घडेरी बाहेकको जग्गामा गरेको करेसाबारी खेतीले तरकारी किन्नु पर्दैन। 'मौसम अनुसार तरकारी, सागसब्जी फलाएँ' उनले सुनाइन् 'घरको भान्सामा प्रयोग गरेर बाँकी बेच्दा आयआर्जन पनि भइरहेको छ।'

करिब एक महिनाअघि नगरपालिकाको कृषि शाखामा विधिवत् रुपमा दर्ता गरिएको 'जुनेली हरवा चरवा कृषक समूह' मा आबद्ध रहेकी उनले आफ्नो परिवारका लागि चाहिने र बेच्न समेत सक्ने गरी तरकारी सागसब्जी उब्जाउन त्यतिकै सक्ने भएकी होइनन्। अन्तर्राष्ट्रिय श्रम संगठनको सहयोगमा जबर्जस्ती श्रम पीडितहरुलाई उनीहरुको जीविकोपार्जनमा सुदृढीकरण गर्ने सहयोग परियोजना अन्तर्गत धनुषा जनकपुरस्थित दलित समाज उत्थान समितिको प्राविधिक सहयोग र सहजीकरणमा बेमौसमी तरकारी खेती सम्बन्धी २१ दिने तालिम लिएपछि उनको अवस्था फेरिएको हो।

'करेसाबारीमा काउली, रायो, मूला फलाएर घरको भान्सामा प्रयोग गरियो र बाँकी रहेको बेचियो पनि' उनले सुनाइन् 'अहिले पनि प्याज, लसुन, सरसो, धनिया छ।'



कति आम्दानी भयो भन्ने प्रश्नमा उनले भनिन् 'घरमा पनि प्रयोग गरिएकाले ठ्याक्कै भन्न त सक्दिन तर घरको नुन तेल, मरमसला तरकारी बेचेको रकमले पुर्‍याएँ।' श्रीमान कमलदेव मण्डल गाउँघरमा मजदूरी गर्ने जानकारी दिँदै उनले भनिन् 'श्रीमानको मजदूरीले घरमा खाद्यान्नको जोहो गर्न सजिलो भएको छ भने तरकारी खेती गर्दा बजारबाट त्यसकै लागि अतिरिक्त खर्चिनु पर्दैन।' ससुरा डकर्मी काम गर्ने भएकाले त्यबाट हुने आम्दानीले भोगबन्धकमा १२ कट्ठा जग्गा लिएर खेतीपाती गरिरहेको सुनाइन्, उनले।

उनकै छिमेकी हुन्, कल्पना कुमारी मण्डल। गाउँको २५ सदस्यीय कृषक समूहकी अध्यक्ष समेत रहेकी उनको पनि गाउँब्लकको घडरी बाहेक छ कट्ठा बारी पनि छ। त्यही बारीमा उनले पनि आलु, काउली, प्याज, तोरी, रायो, लाफ साग, पालक, धनिया, भाण्टा, टमाटर, खुर्सानी लगाएकी छन्। 'त्यसमध्ये अहिले पनि बारीमा प्याज, लसुन, लाफ साग, धनिया छ' उनले भनिन् 'परिवारमा छ जनालाई तरकारी किन्नु पर्दैन।' परिवारका उपभोग बाहेक स्थानीय हाटबजारमा बेच्दा थप आम्दानी पनि भइरहेको उनले सुनाइन्।

गाउँब्लकको करिब ६५ घरको दलित बस्तीमा समितिले कोरोना महामारीको समयदेखि नै समूहलाई प्राविधिक सहयोगसहित सहजीकरण गर्दै आएको जनाएको छ। समूह गठनपछि स्थानीय हरवा चरवा परिवारको मागको आधारमा तालिमको विषय यकिन र सहभागी छनौटपछि तालिम संचालन गरिएको समितिका सप्तरी सिरहा जिल्लाका प्रतिनिधि देवलाल विश्वकर्माले जानकारी दिए। उनका अनुसार तालिमसहित समूहलाई तरकारी खेतीका लागि स्प्रेपम्प, नाप्ने फित्ता, बीउबिजन, खुर्पी जस्ता सामग्री सहयोग गरिएको छ।

समूहकी कोषाध्यक्ष सुशीलाकुमारी राम भन्छिन् 'गाउँघरमा मजदूरी गरेर जीविका चलाउँदै आएका हरवा चरवा परिवारको गाउँब्लकको घडेरीबाहेक थोरबहुत जग्गामा बेमौसमी तरकारी खेती गर्ने तालिमले फाइदा नै पुगेको छ।' तालिमपछि थोरै जग्गामा पनि व्यवस्थित ढंगले तरकारी खेती गर्दा कम्तिमा आफ्नो परिवारका लागि चाहिने तरकारी किन्नु नपर्ने उनको अनुभव छ। 'पालिकामा विधिवत् दर्ता भएकाले समूहमार्फत् पनि कृषि शाखासहित अन्य निकायसँग समन्वय सहकार्य गरेर केही गर्न सक्ने भएका छौं' उनले भनिन्।

# विवाहको उमेरहद २० वर्ष यथावत राख्न माग



**धर्मेन्द्र झा**

जनकपुर, २७ माघ। विवाहको उमेरहद २० वर्ष नै यथावत राख्नुपर्ने सुझावसहित बालविवाहविरुद्ध जागरण अभियान सञ्चालन गर्दैआएको नेपालको सातवटै प्रदेशका संघ संस्थाका प्रतिनिधिहरुले माग गरेका छन्। सो विषयमा प्रतिनिधि टोलीले आइतबार कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई ध्यानाकर्षण गराउँदै संयुक्त रुपमा ज्ञापनपत्र बुझाएको छ। डिएसडिएफका अध्यक्ष सरस्वती नेपाली, लाइफ नेपाल जनकपुरधामका अध्यक्ष सुरैत ठाकुर, सम विकास नेपालका कार्यकारी निर्देशक पशुपति कुँवरसहित संघ संस्थाका प्रतिनिधिहरुले कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव उदयराज सापकोटालाई ज्ञापनपत्र बुझाएको लाइफ नेपाल जनकपुरधामका अध्यक्ष ठाकुरले जानकारी दिए।

मुलुकी देवानी संहिता २०७४ को दफा ७० को उपदफा १ (घ) अनुसार विवाहको उमेर २० वर्ष पूरा भएको भनी व्यवस्था रहेकोमा प्रतिनिधि सभाको कानुन, न्याय तथा मानव अधिकार समिति अन्तर्गत गठन भएको उपसमितिले २०८१ माघ २ गते विवाहको उमेरहद २० वर्षबाट घटाएर १८ वर्षमा झार्ने दिएको सुझावप्रति आपत्ति जनाँउदै महिलाको प्रजनन् स्वास्थ्य र बाल विवाह निषेधिकरणको क्षेत्रमा कामकाज गर्ने सिर्जनशील संस्था नेपाल रुपन्देही, दलित महिला उत्थान संघ बर्दिया, कर्णाली ग्रामीण उत्थान तथा समाज विकास केन्द्र मुगु, मुक्ति नेपाल सिरहा, सम विकास नेपाल अछाम, मुक्त कमलरी विकास मन्च दाङसहितका संघ संस्थाका प्रतिनिधिहरुले संयुक्त रुपमा ज्ञापनपत्र बुझाएको लाइफ नेपालका अध्यक्ष ठाकुरले बताए।

उनले अध्ययन, अनुसन्धान तथा वैज्ञानिक तथ्यका आधारमा कानुनी रुपमै विवाहको उमेर २० वर्ष तय गरिएकोमा कानुन बनाउने तहबाट एकाएक उक्त उमेर १८ वर्षमा झार्ने बहस अगाडि बढ्नु राम्रो नरहेको बताए। अध्यक्ष ठाकुरले बालबालिकाको शिक्षा, प्रजनन् स्वास्थ्य, मानसिक तथा शारीरिक परिपक्वता, सम्मानयुक्त पारिवारिक वा सामाजिक जीवनयापन, बालअधिकार, किशोर किशोरीको अधिकारलाई ध्यानमा राखी कानुनी रुपमा नेपालमा विवाहको उमेर २० वर्ष तोकिएकाले आफूहरु सोही कायम गर्न मन्त्रालयलाई ध्यानाकर्षण गराएको बताए। डिएसडिएफका अध्यक्ष सरस्वती नेपालीले नेपाल विश्वमा बालविवाह बढी हुने देशमध्ये दशौं स्थानमा रहेको उल्लेख गर्दै यस्तो अवस्थामा विवाहको उम्मेर घटउँदा अझ विकराल स्थिति उत्पन्न हुन सक्ने र बालबालिकाको शिक्षा र प्रजनन स्वास्थ्यमा समेत असर पर्ने बताए।

# प्रदेश कृषि विधेयक पारित

लक्ष्मी चौधरी

जनकपुर, २७ माघ। मधेश प्रदेश सभाबाट प्रदेश कृषि विधेयक २०८१ सर्वसम्मतले पारित भएको छ। आइतबार बसेको मधेश प्रदेशको चौथो अधिवेशनको १३ औं बैठकले भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री जनार्दन सिंह क्षेत्रीले पेस गर्नुभएको विधेयक पारित भएको हो। यसअघि विधेयकउपर छलफलमा प्रदेशका पूर्व कृषिमन्त्री समेत रहनु भएका सांसद बसन्तकुमार कुशवाहाले प्रदेश कृषि विधेयकमा कृषिसम्बन्धि तालिम, कृषि ऋण, कस्टम हयारिङ सेन्टरलगायतको बुँदा समावेश हुनुपर्ने माग राखेको थियो। साथै उनले विधेयकमा उल्लेखित योजनाको समयावधि लम्ब्याउनु पर्नेमा जोड दिएको थियो। यस्तै, सांसद रामअशिष यादवले किसान र उद्योगको वर्गीकरण हुनुपर्नेमा जोड दिएको थियो। उनले कृषि उद्योगलाई साना, मझौला र ठुला गरी वर्गीकरण गर्नुपर्ने बताएको थियो। उनले मधेशको आफ्नै बीउबिजन भण्डार स्थापना हुनुपर्नेमा जोड दिए।

प्रदेशको कृषि क्षेत्रमा टेवा पुगाउन आफ्नै बिउबिजन भण्डारण हुनुपर्ने बताउँदै उनले भने, "अधिकांश बिउबिजन भारतबाट आयातित हुन्छ, किसानले शुद्ध बिउबिजन पाउन सकेका छैनन्, त्यसकारण कृषि ऐन बनाइरहँदा मधेशमै मधेशको बिउबिजन राख्ने व्यवस्था हुनुपर्छ।" मधेशमा प्रविधिसहितको बिउबिजनको आवश्यकता छ, जसलेगर्दा मधेशको जिङ्क बैंक आफ्नै हुँदा मधेशका लागि लाभदायक हुन्छ, भने। यस्तै, सभामा सांसद लखनदास तत्माले मधेशका किसानले जीवन निर्वाह खेतीपाती मात्र रहेको औंल्याए। उनले भने, "किसानहरू खेती गरेर केही हुँदैन भन्ने मानसिकतामा बसिरहेका छन्, खेतीको मतलब फोहोर भन्ने मानसिकता बसेको छ, त्यसकारण नागरिक समाज र राज्यले संयन्त्र बनाएर कृषिलाई प्रोत्साहन गर्नुपर्छ।" कृषिमा सिमान्तकृत र महिलालाई प्रोत्साहन गर्दै कृषि पेसालाई मर्यादित बनाउन र युवालाई कृषिमा आकर्षित गर्न आवश्यक रहेको बताए।

भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री क्षेत्रीले छलफललाई सम्बोधन गर्दै कृषि क्षेत्रलाई समष्टिगत रूपमा सबैलाई समेट्ने गरी विधेयक तयार पारिएको बताए। उनले प्राकृतिक प्रकोपका कारण बालीनालीमा क्षति भएका किसानलाई क्षतिपूर्ति पाउने व्यवस्था विधेयकमा समेटिएको बताए। क्षेत्रीले मधेशलाई कृषि प्रविधिमैत्री बनाउन निर्माणाधीन योजनाहरू सम्पन्न गर्ने, कृषि सहायता केन्द्र स्थापना गर्ने, कच्चा पदार्थमा आधारित साना तथा मझौला घरेलु उद्योगलाई अनुदान प्रदान गर्ने, कृषिसँग सम्बन्धित उद्योग सञ्चालन गर्नेलाई सहुलियत दिने योजना विधेयकमा व्यवस्था रहेको जानकारी गराए। उनले कृषि उत्पादन वृद्धि गर्न, बजारीकरणलाई सहज बनाइ किसानको जीवनस्तर उकास्न तथा कृषि क्षेत्रमा नवप्रवर्तन ल्याउन विधेयकमा विभिन्न प्रावधान समावेश गरिएको उनले भने, "धेरै ठाउँमा कृषिउपजको बजारीकरण नहुँदा किसानले लागतसमेत उठाउन सकेका छैनन्।"

प्रदेशस्तरमा मत्स्य पालन केन्द्र स्थापना गर्ने, रैथाने जातका बालीनाली संरक्षण गर्ने तथा प्रदेश सरकारको उपस्थिति जनताको माझमा प्रभावकारी बनाउन एकीकृत जनता सहायता केन्द्र स्थापना गर्ने योजना रहेको उनले जानकारी दिए। उनले थपे, "किसानलाई समस्या पर्दा प्रदेश सरकारको उपस्थिति नदेखिएको गुनासो आउँछ, त्यसैले कृषि सहायता केन्द्र स्थापनाको नयाँ अवधारणा ल्याएका छौं, जसले किसानका समस्या तत्काल समाधान गर्नेछ।" त्यसैगरी, प्रविधिमैत्री कृषि, सामूहिक तथा चक्लाबन्दी खेतीलाई प्रोत्साहन गर्न, स्थानीय उत्पादनलाई स्थानीय तहमै सहुलियत दरमा उपलब्ध गराउन, सहुलियत दरका कृषि पसल सञ्चालन गर्ने योजना रहेको उनले बताए। साथै, कृषि तथा सूचना खाद्य केन्द्र स्थापना गरी आन्तरिक कृषि बजारको परिकल्पना गरिएको जानकारी गराउँदै कृषिमा सुधार ल्याउन सबैपक्ष गम्भीर हुनुपर्ने धारणा राखे।

यसैगरी, सभाको सोही बैठकबाट उद्योग, पर्यटन तथा वनमन्त्री सकिलअली मियाँले प्रस्ताव गर्नुभएको प्रादेशिक व्यापार तथा व्यवसाय प्रवर्धन गर्नेसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक दफावार छलफलका लागि समितिमा पठाउन ध्वनिको स्वरबाट सर्वसम्मत निर्णय गरिएको छ। यसैगरी खेलकुद तथा समाज कल्याणमन्त्री प्रमोदकुमार जैसवालले प्रदेश नीति आयोग गठन तथा सञ्चाल ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक सभामा पेस गरेको छ। बैठकको शुन्य समयमा प्रदेश सांसद किरणकुमारी साहले नेपालको पहिलो सुव्यवस्थित सहर राजविराज नगरपालिकामा फोहोर, ढल व्यवस्थापन गराउन सरकारसँग आग्रह गरे।

यस्तै जिवछीकुमारी यादव बहुमतले पारित संकल्प प्रस्तावमा काम गर्न नमान्ने कर्मचारीलाई सरुवा गर्न माग गरेको छ। उनले सदनबाट पारित भएको संकल्प प्रस्तावमा मन्त्रालयका सचिवले काम गर्न अटेर गरेपछि सरुवा हुनुपर्ने बताएको हो। यसैगरी सांसद माला कर्णले दैनिक रूपमा सञ्चालन हुने सवारी साधनलाई व्यवस्थित गर्न सवारी साधनको दर्ता र रुट परमिट अनिवार्य लागु गरिनु पर्ने माग राखेको छ। उनले ट्राफिक व्यवस्थापन नहुँदा जनताले भोग्नु परेको सास्तीबारे सभामा बोल्दुहुँदै भने, "सिटी र अटोरिक्सा सञ्चालन व्यवस्थित गर्नुपर्छ।"

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रबन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक**
**कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)